गढी गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ९ संख्याः २ मितिः २०८२।१२।३०

भाग-२

गढी गाउँपालिका

एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

गढी गाउँपालिका एम्वुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावनाः

गढी गाउँपालिकाका जनतालाई भएको र हुन सक्ने स्वास्थ्य समस्याबाट सुरक्षित राख्ने उदेश्यले गढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा मातहतका स्वास्थ्य संस्थामार्फत संचालनमा ल्याउने सन्दर्भमा यसको व्यवस्थित सञ्चालन, व्यवस्थापन र दिगोपनका लागि कानूनी व्यबस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गढी गाउँपालिका गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

परिच्छेद एक

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस कार्यविधिको नाम "गढी गाउँपालिका एम्वुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "एम्वुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन भन्ने जनाउँछ

ख. "गाउँपालिका" भन्नाले गढी गाउँपालिकालाई जनाउँछ ।

ग. "कार्यपालिका" भन्नाले गढी गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँछ ।

घ. “समिति" भन्नाले एम्वुलेन्स संचालन र व्यवस्थापनका लागि गठन भएको संचालक समितिलाई जनाउँछ।

ङ. "कर्मचारी" भन्नाले गढी गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी, अस्थायी वा करारमा कार्यरत कर्मचारीलाई जनाउँछ । यस शब्दले एम्वुलेन्स संचालनमा संलग्न चालक समेतलाई जनाउँछ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भै कामकाज गर्ने अधिकृतलाई जनाउँछ ।

छ. "तोकिएको वा तोकिए बमोजिम " भन्नाले गढी गाउँपालिकाको कार्यपालिका बैठकले निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनु पर्दछ ।

ज. एम्बुलेन्स जनशक्ति भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक भन्ने जनाउँछ ।

परिच्छेद दुई

एम्बुलेन्स संचालन सम्बन्धी व्यवस्था

३. उदेश्यः यस कार्यविधीको प्रमुख उद्देश्य गाउँपालिकाको क्षेत्र भित्र र अन्य नजिकका स्थानीय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्थासम्म पुर्याउने तथा उपचारपश्चात विरामीलाई घरसम्म पुर्याउन दिगो र भरपर्दो सेवा सञ्चालन गर्नु रहेको छ ।

४. छनौट र प्राथमिकता : (१) एम्वुलेन्सको उपयोगको लागि गाउँपालिका क्षेत्र भित्रका ४५ दिन सम्मका सुत्केरी महिला, प्रसुती अवस्थाको महिला, विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० अनुसार तोकेबमोजिम ८ वटा कडा रोगहरु (**मुटु रोग, विभिन्न प्रकारका क्यान्सर रोग, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी, सिकलसेल एनिमिया र मृगौला**) निदान भएका विरामी तथा ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकलाई सेवामा पहिलो प्राथमिकता दिईनेछ ।

५. सञ्चालक समितिः (१) एम्वुलेन्स सेवाको व्यबस्थित उपयोग, सञ्चालन, खटनपटन र व्यवस्थापनका लागि गढी गाउँपालिकाको गाउँपालिका अध्यक्षको संयोजकत्वमा एम्वुलेन्स संचालक समितिको गठन गरिनेछ ।

(२) उप विनियम (१) बमोजिम गठन हुने एम्वुलेन्स संचालक समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।

क. गाउँपालिका अध्यक्ष	-संयोजक
ख. प्रमुख प्रशासकीय अधिकृत	-सदस्य
ग. आर्थिक प्रशासन शाखा प्रमुख	-सदस्य
घ. सम्बन्धित वडा अध्यक्ष	-सदस्य
ङ. सम्बन्धित स्वास्थ्य संस्था प्रमुख	-सदस्य
च. संयोजकले तोकेको महिला स्वास्थ्य स्वयसेविका	-सदस्य
छ. स्वास्थ्य शाखा प्रमुख	-सदस्य सचिव

(४) समितिको कुनै सदस्यले एम्वुलेन्सको प्रभावकारी संचालन र व्यवस्थापनमा बाधा पुग्ने गरी वा गाउँपालिकाको हित विपरित हुने गरी काम गरेको पाइएमा गाउँ कार्यपालिकाको बैठकले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) संचालक समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउने छ । एम्वुलेन्स संचालक समितिको बैठक भत्ता अधिकतम महिनाको १ बैठकका लागि गाउँपालिकाको नियमानुसार भुक्तानी हुनेछ ।

६. काम, कर्तव्य र अधिकार : (१) एम्वुलेन्स संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ
क. गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी कार्यान्वयनमा ल्याएको कार्यविधि बमोजिम एम्वुलेन्सको दैनिक खटन पटन गर्ने,

ख. स्वास्थ्य संस्था प्रमुखले अनुसुची १ बमोजिम एम्वुलेन्स सञ्चालन भएको पटक यकिन गरी सो को अद्यावधिक अभिलेख राख्ने,

ग. निर्णय नभएको कार्य/नियम विपरित एम्वुलेन्सको प्रयोग भएको पाइएमा तत्काल एम्वुलेन्स फिर्ता गर्न लगाउने,

घ. एम्बुलेन्स तत्काल फिर्ता गर्न अटेर गरेमा प्रहरी प्रशासनको सहयोग लिई एम्वुलेन्स फिर्ता गराउने र नियमानुसार कार्वाही गर्ने,

ङ. अनाधिकृत प्रयोगबाट एम्बुलेन्मा कुनै प्रकारको क्षति भएमा त्यस्तो क्षतिको रकम असुल उपर गरी सञ्चालन कोषमा जम्मा गर्ने/गराउने,

च. कुनै व्याक्ति वा संस्थाले एम्वुलेन्स भाडामा लिई सञ्चालन गरेको अवस्थामा सम्झौता (अनुसुची ३) गरि सम्झौता बमोजिमको भाडा बापतको रकम कोषमा जम्मा गर्ने/गराउने,

छ. एम्वुलेन्स मर्मत संभार गर्नु पर्ने भनी चालकले दिएको निबेदन उपर आवश्यक छानबिन गरी स्वीकृति दिने,

ज. एम्वुलेन्स सञ्चालनमा खटिएका कर्मचारीहरुको कार्यसम्पादन क्षमता, एम्वुलेन्सको समुचित रेखदेख र व्यवस्थापनमा निजहरुले खेलेको भूमिकाबारे गाउँ कार्यपालिकाको कार्यालयलाई सुझाव दिने,

झ. एम्वुलेन्सको प्रभावकारी व्यबस्थापन र सञ्चालनका लागि आवश्यक देखेका अन्य विषयहरुमा गाउँपालिकाको कार्यालय र गाउँ कार्यपालिकालाई आवश्यक सुझावहरु दिने र प्राप्त निर्देशन अनुरुप कार्य गर्ने।

(२) एम्वुलेन्स सञ्चालक समितिका अन्य काम, कर्तव्य र अधिकारहरु गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

परिच्छेद तीन

कर्मचारीको व्यवस्थापनः

७. कर्मचारीको नियुक्तिः (१) एम्वुलेन्स सञ्चालनका लागि एक/एक जना हलुका सवारी चालक (श्रेणी विहिन प्रथम तह वा सो सरह) कर्मचारी करार/ज्यालादारीमा नियुक्ती गरिने छ ।

८. पारिश्रमिक तथा सेवाका शर्तहरुः दफा ७ उप विनियम (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने पारिश्रमिक तथा सेवाका शर्तहरु :

(१) एम्वुलेन्स चालकले गाउँपालिकाको निर्णयबमोजिम नियुक्तिका बखत करार सम्झौतामा उल्लेख भए बमोजिमको तलब पाउनेछ ।

(२) एम्वुलेन्स चालकले उप दफा (१) बमोजिम पाउने तलब बाहेक संचालक समितिले एम्बुलेन्स सञ्चालन भएको दुरीका आधारमा आवश्यकता देखेमा थप भत्ता उपलब्ध गराउन सक्नेछ कर्मचारी नियुक्ति गाउँपालिकाको करार निर्देशिका वमोजिम हुनेछ।

९. आचरण र कर्तव्यः (१) एम्वुलेन्स चालकले देहाय बमोजिमका आचरणहरुको पालना गर्नु पर्नेछ :

क. एम्वुलेन्सको उचित तरिकाले सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

ख. एम्वुलेन्स सञ्चालन भएको अवधी र खपत भएको इन्धनको अनुसुची २ बमोजिम दैनिक रुपमा अभिलेख राख्ने,

ग. एम्वुलेन्स सञ्चालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्वुलेन्स उपयोग गर्दा समितिको पूर्व अनुमति लिने,
घ. एम्वुलेन्सको नियमित सरसफाई, लुब्रिकेन्ट चेकअप तथा नियमित मर्मत संभारका लागि समुचित ध्यान दिने,

ङ. एम्वुलेन्स सञ्चालनको क्रममा हुन सक्ने संभावित दुर्घटना तथा क्षति उपर सावधानी अपनाई एम्वुलेन्सको सुरक्षा गर्ने,

च. एम्वुलेन्सको दुर्घटना बीमा गराउने विषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको विषयमा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा समयमै जानकारी गराउने,

छ. एम्वुलेन्स सञ्चलनबाट प्राप्त रकम नियमित रुपमा गाउँपालिकाको कोषमा दाखिला गरी सो को जानकारी स्वास्थ्य शाखा, आर्थिक प्रशासन शाखा र सम्बन्धित स्वास्थ्य संस्था प्रमुखलाई जानकारी दिने । आकस्मिक अवस्थामा सञ्चालन गर्नुपर्ने भएमा प्रमुख प्रशासकीयको निर्देशनमा मात्र सञ्चालनमा लैजाने,

ज. एम्वुलेन्स सञ्चालनमा लैजानु पूर्व एम्वुलेन्सको अवस्था चेकजांच गरी सुरक्षा अवस्था एकिन गर्ने । असुरक्षित अवस्थामा एम्वुलेन्स सञ्चालन नगर्ने,

झ. एम्वुलेन्स संचालन सम्बन्धमा सञ्चालक समिति र प्रमुख प्रशासकीय अधिकृतलेले दिएको निर्देशनहरुको पालना

गर्ने ।

१०. अवकाश दिन सकिने : (१) आफ्नो पदीय जिम्मेवारी पुरा नगरेको/कानून विपरित काम गरेको अवस्थामा एम्वुलेन्स चालकलाई प्रमुख प्रशासकीय अधिकृतले पदबाट हटाउन सक्नेछ ।

परिच्छेद चार

सेवा शुल्क तथा कोषको सञ्चालन सम्बन्धी व्यबस्था

११. एम्बुलेन्सको भाडा दर निर्धारणः (१) एम्बुलेन्स संचालन समिति, सुनसरीबाट निर्धारण भएको दररेटको आधारमा समयाकुल र भौगोलिक विकटताका आधारमा दररेट अनुसुची ४ मा उल्लेख भए बमोजिम लागु हुनेछ । साथै एम्वुलेन्सको उपयोगको लागि गढी गाउँपालिका वासिन्दाको हकमा ४५ दिन सम्मका सुत्केरी महिला, प्रसुती अवस्थाको महीला, विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० अनुसार तोकेबमोजिम ८ वटा कडा रोगहरु (**मुटु रोग, विभिन्न प्रकारका क्यान्सर रोग, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी, सिकलसेल एनिमिया र मृगौला**) निदान भएका विरामी तथा ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकलाई गढी गाउपालीका क्षेत्रबाट ५० कि.मि. सम्मका अस्पताल सम्म लैजान निशुल्क सेवा प्रदान गरिनेछ र उल्लेखित ८ वडा कडा रोग लागेका विरामीले निशुल्क सेवा सुविधा लिनका गाउँपालिकाबाट जारी अनुसूची ६ बमोजिमको परिचयपत्र लिएको हुनु पर्नेछ साथै निशुल्क सुविधा लिने विरामीको अभिलेख नियमित रुपमा अध्यावधिक गरी राख्नु पर्नेछ । अन्य विरामीको हकमा एम्बुलेन्स संचालक समिति, सुनसरीबाट निर्धारण भएको दररेटको आधारमा अनुसूची ४ वमोजिम नियमानुसारको शुल्क लिई सेवा उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम सेवा प्रयोग गरेबापत रकम सम्बन्धित सेवाग्राहीले सेवा शुल्कको रुपमा बुझाउनुपर्ने छ । सेवा शुल्क बापत लिइने रकम नगदी रसिदमा काटीए बमोजिक कोषमा जम्मा गर्ने जिम्मेवारी चालकको हुनेछ।

१२. एम्वुलेन्स संचालन कोषः (१) एम्वुलेन्सको नियमित मर्मत संभार गरी एम्वुलेन्सको संचालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्वुलेन्स सञ्चालन कोष खडा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खडा गरिने एम्वुलेन्स सञ्चालन कोषमा देहायबमोजिमको रकम समेत जम्मा गरिनेछः

क) सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त सेवाशुल्क बापतको रकम,

ख) भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा बापत प्राप्त रकम,

ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट एम्वुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

घ) अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम आदि ।

१२.कोषको सञ्चालन र उपयोगः (१) एम्वुलेन्स सञ्चालन सञ्चालन गरिरहेका स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखत बाट सञ्चालन गरिनेछ ।

(२) एम्वुलेन्स सञ्चालन कोषमा जम्मा भएको रकम एम्वुलेन्सको नियमित मर्मत संभार, इन्धन, लुब्रिकेन्टस तथा कर्मचारीहरुको भत्ता, सञ्चालक समितिको बैठक भत्ताका लागि खर्च गर्न सकिनेछ।

परिच्छेद पाँच : विविध

१३.लेखा र लेखा परीक्षणः (१) एम्वुलेन्स सञ्चालन कोषको आम्दानी र खर्चको लेखा प्रचलित आर्थिक ऐन बमोजिम हुनेछ ।

२) एम्वुलेन्स सञ्चालन कोषको आम्दानी र खर्चको लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखा वाट गरि गाउँपनलिकामा पेश गरिने छ ।

१४.विवादको समाधान : (१) एम्वुलेन्स सञ्चालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा एम्वुलेन्स संचालक समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरी समाधान गर्नेछ ।

२) एम्वुलेन्स सञ्चालक समितिले समाधान गर्न नसकेको विवादहरुको हकमा गाउँ कार्यपालिकाको बैठकवाट समाधान गरिनेछ ।

१५.भाडामा दिन सकिने : (१) गाउँपालिकाले एम्वुलेन्स सञ्चालन गर्न कुनै व्यक्ति वा संस्था मार्फत एम्वुलेन्स सञ्चालन गर्न उपयुक्त देखेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी एम्वुलेन्स भाडामा प्रयोग गर्न दिन सक्नेछ । यसरी भाडामा दिदा गढी गाउँवासीहरुको सेवा प्रवाहको सुनिश्चितता हुने गरी मात्र दिईनेछ ।

२) उपदफा (१) बमोजिम एम्वुलेन्स भाडामा दिंदा बढीमा १ वर्षको अवधिका लागि सम्झौता गरि भाडामा दिन सक्नेछ ।

३) उपदफा (२) बमोजिम सम्झौताको नविकरण गर्नु परेमा सम्बन्धित पक्षले म्याद सकिने ३० दिन अगाडि नै समिति समक्ष निवेदन दिनु पर्नेछ र सम्झौताको नविकरण गर्नु परेमा सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ ।

३) उपदफा (१) बमोजिम एम्वुलेन्स भाडामा दिंदा प्रति दिन वा महिनाको भाडा दर तथा अन्य शर्तहरु गाउँपालिकाको कार्यपालिका बैठकले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

१६.कार्यविधिमा संशोधनः यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा गाउँकार्यपालिकाको बैठकले निर्णय गरी थपघट वा संशोधन गर्न सक्नेछ ।

१७. एम्बुलेन्समा हुनुपर्ने आवश्यक उपकरण तथा औषधीहरुः एम्बुलेन्समा हुनुपर्ने आवश्यक उपकरण तथा औषधीहरु अनुसुची ५ बमोजिम हुनेछ ।

१८. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

एम्बुलेन्स संचालन अभिलेख

गढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

औरावनी, सुनसरी

मिति	स्थान		कि.मि.		सेवा शुल्क	बिरामीको नाम	बिरामी कुरुवाको नाम	बिरामीको प्रकृति	ठेगाना	कुरुवाको हस्ताक्षर	कैफियत
	देखि	सम्म	सुरु	अन्तिम							

तयार गर्ने
सवारी चालक
नामः

रुजु गर्ने
स्वास्थय संस्था प्रमुख
नामः

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत
नामः

अनुसूची २

एम्बुलेन्स मर्मत संभार सम्बन्धी अभिलेख

गढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

औरावनी, सुनसरी

मिति	मर्मत खर्चको विवरण			जम्मा खर्च	मर्मत कम्पनी	कैफियत
	सामान	ज्याला	लुब्रिकेन्टस			

रेकर्ड राख्नेः
जिन्सी प्रमुख

सिफारिस गर्नेः
स्वास्थ्य शाखा प्रमुख

स्वीकृत गर्नेः
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३
भाडामा लिनेदिने सम्झौता पत्र

गढी गाउँपालिका (जसलाई पछि प्रथम पक्ष भनिने छ) र................. बस्ने श्री............... (यस पछि दोस्रो पक्ष भनिने छ) बीच सुनसरी जिल्ला........... गाउँपालिका....... वडा नं......मा ....एम्वुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागि एम्वुलेन्स भाडामा दिने/लिने सम्बन्धमा निम्न अनुसारको शर्तहरु दुवै पक्षले पूर्ण रुपमा पालना गर्न मञ्जुर भई यो सम्झौता पत्रमा सहीछाप गरी लियौं/दियौं।

शर्तहरुः

१. एम्वुलेन्स भाडामा लिने (दोस्रो पक्षका) श्री ....ले एम्वुलेन्स भाडामा लिदा एम्वुलेन्स सञ्चालनमा आएपछि प्रतिदिन रु.....................का दरले प्रथम पक्षलाई भाडा तिर्ने गरी भाडामा प्रयोग गर्न पर्नेछ ।

२. यो सम्झौता मिति २०....... गते देखि २० ..... गते सम्म लागु हुने छ ।

३. एम्बुलेन्स सञ्चालन सम्बन्धी सम्झौताको नविकरण गर्न परेमा म्याद सकिनु भन्दा ३० दिन अगाडि नै निवेदन दिई अनुरोध गरेमा समितिको निर्णय बमोजिम सम्झौताको अवधि थप गर्न सकिने छ ।

४. दोश्रो पक्षले एम्वुलेन्स सञ्चालनको जिम्मा लिनु अगाडि भाडा बापतको सम्पर्ण रकम गाउँपालिकाको एम्बुलेन्स कोषमा दाखिला गर्नु पर्ने छ ।

५.दोश्रो पक्षले एम्वुलेन्स सञ्चालनमा ल्याउने सम्झौता अवधिभर चालकलाई बस्ने बासको व्यवस्था गरिदिनु पर्नेछ।

६. एम्वुलेन्स सञ्चालन अवधिमा एम्वुलेन्सको मर्मत तथा सर्भिसिङ्ग दोश्रो पक्षले नै गर्नेछ ।

७. यो सम्झौता सम्पन्न भै एम्वुलेन्स दोस्रो पक्षले जिम्मा लिइसकेपछि कार्यालयमा फिर्ता नबुझाउँदा सम्म सो को पूर्ण जिम्मेवारी दोश्रो पक्षले नै लिनु पर्नेछ ।

८. यो सम्झौता गरी तोकिएको अवधिका लागि लगिएको एम्वुलेन्स समय समाप्त भएपछि नबुझाएमा दोश्रो पक्षले भाडा बाहेक दैनिक रु......................... का दरले प्रथम पक्षलाई थप हर्जाना तिर्नु पर्ने छ ।

९. एम्वुलेन्स प्रयोग गरे बापत कुनै सरकारी कर तिर्नु पर्ने भएमा/परेमा दोश्रो पक्षले नै तिर्नु पर्नेछ ।

१०. दोश्रो पक्षले एम्बुलेन्स जिम्मा लिई सकेपछि कुनै दुर्घटना भएमा सो को जिम्मेवारी दोश्रो पक्ष नै हुनेछ ।

११. यस सम्झौतामा भएका शर्तहरु यसै बमोजिम र नभएका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

पहिलो पक्षको तर्फबाट
नाम थर :
पद :
कार्यालय :

दोश्रो पक्षको तर्फबाट
नाम थर :
ठेगानाः
दस्तखत :

रोहवर
नाम थर :
पद :
कार्यालय :

ईति सम्वत २०.......साल ....महिना ....गते ....रोज शुभम ।

अनुसुची ४
कार्यविधिको दफा ९ सँग सम्बन्धित सेवा शुल्क सम्बन्धि दररेट

क्र.स.	देखि	सम्म	सेवा शुल्क(रू)
१.	गढी गाउँपालिका	धरान	रु २०००
२	गढी गाउँपालिका	ईटहरी	रु ५००
३	गढी गाउँपालिका	दुहबी	रु ५००
४	गढी गाउँपालिका	ईनरुवा	रु ५००
५	गढी गाउँपालिका	विराटनगर	रु २०००
६	गढी गाउँपालिका	झापा (दमक)	रु ३५००
७	गढी गाउँपालिका	झापा (काकडभिट्टा)	रु ४०००
८	गढी गाउँपालिका	काठमाण्डौ (वि.पि राजमार्ग हुदै)	रु २२०००
९	गढी गाउँपालिका	काठमाण्डौ (चितवन- मुग्लिन सडक खण्ड हुदै)	रु २५०००
१०	गढी गाउँपालिका	चितवन	रु २००००

पुनश्च : भाडा दर एम्बुलेन्स सञ्चालक समिति सुनसरीबाट भए बमोजिम अद्यावधिक हुनेछ । विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० अनुसार तोकेबमोजिम ८ वटा कडा रोगहरु (**मुटु रोग, विभिन्न प्रकारका क्यान्सर रोग, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी, सिकलसेल एनिमिया र मृगौला**) बाट पिडित रोगीको लागी नेपाल सरकारले उपलब्ध गराउने निःशुल्क उपचार सुविधाको कुल रकमलाई बार्षिक मानी सो को ५०% मा नबढ्ने गरि यातायात सुविधा उपलब्ध गराइने छ ।

अनुसुची ५

एम्बुलेन्समा हुनुपर्ने आवश्यक उपकरण तथा औषधीहरु

१. क वर्गको एम्बुलेन्समा हुनुपर्ने आवश्यक उपकरण तथा औषधीहरु

आपतकालिन उपकरणहरु		**Medicines**	**Others**
Stethoscope	CPR board		Washing Equipments
B.P. Set	Oxygen supply		Wheel chair and trolley
Torch Light	Automated external defibrillator (AED)		Radio communication
Tongue Depressure	Delivery sets		Two way video consulation device
IV Drips	Dressing sets		Mobile device with 4G connectivity
Cannula and syringes	Splints		Walkie Talkie
ECG monitor and oxygen monitor	Catheterization sets		Camera
Intubation set	Haemostatic sets		GPS
Various intubation tubes and laryngeal tubes	Emergency medicines		
Nebulizer set	Travelling Ventilator		
Ambu bag	Chest drainage tube		
Manual suction set	others		
Cervical collars			

२. ख वर्गको एम्बुलेन्समा हुनुपर्ने आवश्यक उपकरण तथा औषधीहरु

आपतकालिन उपकरणहरु		**Medicines**	**Others**
Stethoscope	CPR board		Washing Equipments
B.P. Set	Oxygen supply		Wheel chair and trolley
Torch Light	Automated external defibrillator (AED)		Radio communication
Tongue Depressure	Delivery sets		Two way video consulation device
IV Drips	Dressing sets		Mobile device with 4G connectivity
Cannula and syringes	Splints		Walkie Talkie
ECG monitor and oxygen monitor	Catheterization sets		Camera
Intubation set	Haemostatic sets		GPS
Various intubation tubes and laryngeal tubes	others		
Nebulizer set			
Ambu bag			
Manual suction set			
Cervical collars			

३. **Patient Transport Vehicle (PTV) बिरमी ओसारपसार गर्ने गाडीमा हुन पर्ने उपकरण तथा औषधीहरुको विवरण (ग वर्गको एम्बुलेन्समा हुनुपर्ने आवश्यक उपकरण तथा औषधीहरु)**

आपतकालिन उपकरणहरु	सेवा	अन्य
Oxygen cylinder, Flow meter and mask जडित वा जरुरी परेमा राख्न सक्ने सवारी साधन	दिर्घ रोगी, डाईलेसिस गर्न, ड्रेसिङ्ग गर्नको लागी घर देखि अस्पताल र अस्पताल देखि घरसम्म पुर्याउन र विपतको समयमा पूर्व-अस्पताल सेवालाई सुचारु गर्न वा प्रेषण केन्द्रले स्वास्थय सामाग्रीहरु विपद परेको ठाउँसम्म ओसारपोसार गर्न PTV को प्रयोग गर्न सकिने ।	• Washing Equipments • Wheel chair and trolley • Radio communication • Two way video consulation device • Mobile device with 4G connectivity • Walkie Talkie • Camera • GPS
IV injection		
Stretcher		
Stethoscope		
B.P. Set		
Torch Light		
Ambu and Mask		
Others		

अनुसूची ६

विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० अनुसार तोकेबमोजिम ८ वटा कडा रोगहरु (**मुटु रोग, विभिन्न प्रकारका क्यान्सर रोग, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी, सिकलसेल एनिमिया र मृगौला**) बाट पिडित रोगीको लागी एम्वुलेन्स सुविधा कार्डको नमुना

एम्वुलेन्स सुविधा कार्ड

रोगीको नामः **जारी मितिः**

बुवा आमाको नामः

ठेगानाः

सम्पर्क नं. :

रोगको प्रकारः मुटु रोग/विभिन्न प्रकारका क्यान्सर/मृगौला रोगी/पार्किन्सन/अल्जाईमर्स/स्पाईनल इन्जुरी/हेड इन्जुरी /सिकेलसेल एनेमिया

....	....	....
स्वास्थ्य शाखा प्रमुख	**प्र. प्र.अधिकृत**	**गा.पा. अध्यक्ष**

<u>आज्ञाले</u>

चुडामणी गुरागाई

प्रमुख प्रशासकीय अधिकृत